# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 19 No 8 Monthly International Edition of Herald of His Coming August 2018
वर्ष १९, अङ्क ८ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (भदौ, २०७५)

# प्रार्थना र प्रेम
## Prayer and Love

**By Andrew Murray**

Vol 76 No 9 (909)

"जब तिमीहरू प्रार्थना गर्न खडा हुन्छौँ तब कसैको विरुद्धमा तिमीहरूको केही छ भने क्षमा गर, ताकि स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गरिदिऊन् ।" (मर्कूश ११ : २५)

तलका शब्दहरूले प्रार्थनाको ठूलो प्रतिज्ञालाई देखाउँदछ । "यसकारण म तिमीहरूलाई भन्दछु, तिनीहरूले प्रार्थनामा जेसुकै माग्दछौँ सो पाएका छौँ भन्ने विश्वास राख र त्यो तिनीहरूको हुनेछ ।" (पद २४) "परमेश्वरमा विश्वास राख" (पद २२) परमेश्वरसँग जस्तो प्रकारको प्रार्थनाको सम्बन्ध तपाईंहरूको हुन्छ त्यस्तो प्रकारले पाउनुहुन्छ । यसले हामीलाई परमेश्वरसँगको र हाम्रा सहकर्मसँगको सम्बन्धलाई देखाउँदछ । परमेश्वरलाई प्रेम गर र आफ्ना छिमेकीलाई पनि प्रेम गर । हृदयदेखिको प्रार्थना परमेश्वरलाई प्रेम गर्नेले मात्र गर्न सक्छ । प्रार्थना र विश्वास एक अर्काका परिपूरक हुन् । ख्रीष्ट येशूले डाँडाको उपदेशमा भन्नुभयो, यदि तिमी भेटी चढाउँदै छौ भने र कुनै कुरा तिमीले तिम्रो भाइसँग मिलाउन बाँकी छ भने यदि तिमीलाई याद भयो भने पहिला आफ्नो भाइसँगको सम्बन्ध राम्रो बनाऊ । त्यसपछि आएर भेटी चढाऊ (मत्ती ५ : २३ - २४) यो उहाँले छैटौँ आज्ञालाई बोल्दै गर्दा येशूले चेलालाई भन्नुभयो । यो परमेश्वरको आराधना गर्न जाँदा पहिले आफ्नो भाइसँग राम्रो सम्बन्ध राखेर परमेश्वरकहाँ आउनु । "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, तिम्रो भेटी त्यही वेदीको सामु छोड र जाऊ । पहिले आफ्नो भाइसँग मिलाप गर र त्यसपछि आएर आफ्नो भेटी चढाऊ ।"

त्यसपपछि उहाँले प्रभुको प्रार्थनामा चेलाहरूलाई सिकाउनु भयो, "हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौं ।" (मत्ती ६ : १२) उहाँले प्रार्थनाको अन्त्यमा यो पनि जोड्नुभयो, "तर तिमीहरूले मानिसहरूको अपराध क्षमा गरेनौँ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नहुने छैन ।" (पद १५) येशूले चेलाहरूलाई निर्दयी नोकरको दृष्टान्त भन्दै गर्दा अन्तमा यसो भन्नुभयो, "तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरो पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ ।" (मत्ती १८ : ३५)

येशूले हिँड्दै गर्दा नेवारोको रुखलाई कुनै फल नभएको देख्नुभयो र उहाँले शक्तिसँग भन्नुभयो त्यो सुकिगयो । यो चाहिँ येशू यस पृथ्वीमा सेवा गर्दै हिँड्दा गर्नुभएका कामहरू हुन् । जब मानिसले पनि परमेश्वरले फलाउनु भनेका फलहरू आफ्नोजीवनमा परमेश्वरको महिमाको निम्ति फलाउनु हुँदैन । मनिसको जीवन पनि त्यसै नेवाराको रुखजस्तै

सुकिजानेछ । येशूले भन्नुभयो, एकअर्कालाई प्रेम गर र प्रार्थना गर। यदि त्यो गर्न सकेनौ भने उहाँको आज्ञालाई उल्लङ्घन गर्‍यौ । अब नजिता आफै विचार गर्नुहोस्। हामी आफैले आफैलाई परमेश्वरमा समर्पित भएर जस्तोसुकै कठिनाइ भए पनि भाइलाई क्षमा दिई प्रार्थना गर्नुपर्छ र त्यसमा परमेश्वरको क्षमा साथै प्रेम पनि हुन्छ।

सबैभन्दा महत्वपूर्ण कुरा एक अर्कालाई क्षमा गरेर प्रार्थना गर "जसरी परमेश्वरले खीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो त्यसरी नै एउटाले अर्कोलाई क्षमा गरेर तिमीहरू एक अर्काप्रति कोमल मनकारी, दयालु होओ।" (एफिसी ४ : ३२) परमेश्वरको नियम मानिसहरूको निम्ति हो। अन्यथा हामीले अरूलाई दिएको क्षमा साँचो हृदयबाट हुन सक्दैन, कतिले क्षमा दिँदा मुखले क्षमा भन्दछन् तर भित्र हृदयबाट क्षमा गर्न सकेका हुँदैनन् यदि परमेश्वरको नियम हामीमा छ भने प्रभुले कसरी डाकुलाई पनि क्षमा गर्नुभयो याद गर्नुपर्छ। हरेक प्रार्थनाको उत्तर हामीले कस्तो प्रार्थना गरेका छौं त्यसमा भर पर्छ। यदि प्रभुले हाम्रा पापहरू क्षमा गर्नुहुनेछ भने हामीलाई प्रार्थना गर्न अप्ठ्यारो हुँदैन। उहाँले ढोकाहरू खोलेर हामीलाई आशिषको वर्षाबवर्साउनु हुन्छ। किनकि उहाँले हाम्रा सबै अपराधलाई ढाकिदिनुभएको छ। हाम्रो प्रार्थनामा हाम्रा खाँचोहरू उहाँलाई बताउन सक्छौं। हाम्रो प्रार्थनाको उत्तर हामीलाई कति क्षमा भएको छ त्यसमा भर पर्दछ। यदि हामीले आफ्ना अपराधीलाई क्षमा गरेका छौं भने हाम्रा अपराधहरू पनि क्षमाभएका छन् र प्रार्थनाका उत्तर पनि मिलेको हुन्छ यदि प्रार्थनाको उत्तर पाएका छैनौं भने हाम्रा पाप पनि क्षमा भएका छैनन्। जब यसले हाम्रो हृदयमा काम गर्दछ, हामी प्रेममा बाँच्दछौं।

**प्रभुको क्षमा दिने स्वभाव :** प्रभुको क्षमा दिने स्वभावले हामीलाई उहाँको क्षमा सहितको प्रेम हाम्रो बीचमा छ र हामीभित्र छ। हामीले क्षमा दिएका छौं जसरी हामीले क्षमा पाएका छौं। यदि हामी ठूलो घटनामा पर्‍यौं भने खीष्टले झैं गर्न सक्नुपर्छ कि हाम्रो हृदयमा लागेको चोटलाई छिटो निको पार्नुहोस् भनी पुकार्नुपर्छ ताकि त्यो पनि हाम्रो इच्छामा होइन तपाईंको इच्छामा। हाम्रो दैनिक जीवनमा सानोतिनो चोटहरू हुनसक्छन् पर्खेर हेर्नुपर्छ। छिटो उत्तर दिने हुनु हुँदैन। हामीले छिटो न्याय गर्ने हुनुहुँदैन। कसैलाई नोक्सान भएको परमेश्वरले चाहनु हुँदैन। विस्तारै गएर क्षमा माग्नुपर्छ र क्षमा दिनुपर्छ जसले उसको हृदयको चोटलाई निको पार्न सकियोस्। र, आफ्नो सम्बन्ध परमेश्वरसँग असल कुरा हुन सकोस्। हामीले प्रभुले गरेको जस्तै गरी उहाँमा हाम्रा अपराधीलाई क्षमा गर्नुपर्छ तानि फेरि तपाईंको मनमा त्यस्तो कुनै कुरा उत्पन्न हुन नसकोस्।

बाइबलले यसरी भन्दछ, "एउटाले अर्कोलाई सहने गर, कुनै मानिसको विरुद्धमा केही दोषको कारण छ भने एक अर्कालाई क्षमा गर्ने गर, जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ त्यसरी तिमीहरूले पनि क्षमा गर्नुपर्छ।" (कलस्सी ३ : १३) जसरी खीष्टको रगतले मानिसको पाप र अपराधलाई धोएर सफा गराएको छ, त्यसरी मानिसको भित्री हृदयमा भएको अहमपनालाई पनि सफा पार्दछ। प्रभुको क्षमाको प्रेम हामीमा छ त्यो सत्य हो त्यो विश्वासको प्रार्थना हो।

**दिनदिनको जीवनको परीक्षाः** अर्को महत्वपूर्ण कुरा हाम्रो दैनिक जीवनमा संसारसँगको संघर्ष नै हो जब हामी प्रार्थना गर्दछौं। जब ऊ प्रार्थना गर्न आउँछ के उसको वातावरण असल हुन्छ त ? उसको दिमागमा, उसको हृदयमा के खीष्टसँगको असल सम्बन्ध मात्र हुन्छ त ? उसले यी सबै संसारका थोकहरूसँग लडाईं गर्नुपरेको छ भन्ने उसले बिर्सेको हुन्छ र प्रभुकोमा जान्छ अरूले उसलाई अवलोकन गरिरहेको हुन्छ।

मानिसको जीवन भक्तिपूर्ण हुन्छ उसले घन्टौं प्रार्थना गर्दछ र परमेश्वरबाट न्याय पाएकोहुन्छ उसले दिनदिनै घन्टौं प्रार्थना गर्नु एउटा सानो खण्डमात्र हो। जब म परमेश्वरलाई पुकार्दछु यो प्रकृतिलाई थुप्रै परमेश्वले बनाउनु भएका थोक जुन मलाइ अधिकार गर्न दिनुभएको छ त्यसले मलाई अधिकार गरेको हुन्छ र मलाई परमेश्वरबाट टाढा बनाइरहेको हुन्छ। परमेश्वरसँग प्रार्थना गर्दा थोरै मात्र म उहाँमा हुन्छु अरू धेरै हृदय संसारमा भएका प्रकृतिसँग रहेको हुन्छ। जुन असफलताले असफलतालाई कसरी माथि उठाउन सक्छ ? त्यसैले कुनै मेरो छिमेकी आएर मलाई प्रार्थना गरिदिनुस् न, म जीवनदेखि हार खाएर संसारका थोकदेखि हार खाएँ भनेर बिन्ती गर्दा यदि तपाईं पूर्ण रूपमा खीष्टमा बलियो हुनुहुन्छ भने तपाईंका प्रार्थना प्रभुले सुन्नुहुन्छ। यदि तपाईं पनि त्यसरी नै हार खानुभएको छ भने के अर्कोको निम्ति प्रार्थनाको प्रेरणा हुन सक्नुहुन्छ र ? अर्थपूर्ण प्रार्थना भनेको विश्वास सहितको हो। जसले आफ्नो जीवन परमेश्वरलाई पूर्णरूपमा अर्पण गरेको छ र उहाँमा नै पूर्णरूपले भरोशा र विश्वास गरेको हुन्छ।

त्यस्तो व्यक्तिले पनि आफ्नो इच्छामा होइन खीष्टको इच्छा पूरा गर्ने प्रकारले प्रार्थना गर्नुपर्छ ।

**सबै कुरा प्रेममा आधारित हुन्छ :** अर्को तेस्रो महत्वपूर्ण कुरा सबै कुरा परमेश्वरको प्रेममा आधारित भएको हुन्छ । क्षमाको आत्मा भनेको प्रेमको आत्मा हो । किनकि प्रभु प्रेमी हुनुहुन्छ । उहाँले क्षमा दिनुहुन्छ, परमेश्वरले हामीलाई क्षमा गरेजस्तै हामीले पनि अरूलाई क्षमा गऱ्यौं भने र हाम्रा भाइलाई प्रेम गऱ्यौं भने पिताले पनि पनि हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो प्रार्थनामा उत्तर दिनुहुन्छ । १ यूहन्नाको पुस्तकले यसरी भन्दछ, "मेरा साना बालकहरू वचन वा मुखले मात्र हामी प्रेम नगरौं तर काम र सत्यताले प्रेम गरौं । यसबाट हामी जान्न सक्छौं कि, हामी सत्यका हौं र यसरी उहाँको सामुन्ने हाम्रो हृदयलाई ढाडस दिन सक्छौं । जब हाम्रो हृदयले हामीलाई दोष दिन्छ, हामी जान्छौं परमेश्वर हाम्रो हृदयभन्दा महान् हुनुहुन्छ र उहाँलेसब कुरा जान्नुहुन्छ । प्रिय हो, हाम्रो हृदयले हामीलाई दोष दिँदैन भने, परमेश्वरको सामुन्ने हामीलाई साहस हुन्छ । अनि हामीले जे माग्छौं, उहाँबाट पाउँदछौं, किनभने हामी उहाँका आज्ञा पालन गर्दछौं र उहाँलाई मनपर्ने काम गर्छौं ।" (१ यूहन्ना ३ : १८ - २२)

यदि हामीसँग प्रेम छैन भने विश्वासले पनि, कामले पनि प्रतिफल पाउन सकिँदैन । प्रेमले मात्र परमेश्वरसँग एक बनाउँदछ । त्यो प्रेमले मात्र विश्वासको सत्यतालाई प्रकट गर्दछ । प्रार्थनाको प्रतिक्षालाई हामी मर्कूशको पुस्तकमा पनि देख्दछौं, "परमेश्वरमा विश्वास राख" (मर्कूश ११ : २२) जब म परमेश्वरमा साँचो विश्वासका साथ प्रेम गर्छु भने मेरो छिमेकी जो मेरो वरिपरि बस्नुहुनेलाई पनि प्रेम गर्छु र शक्तिशाली प्रार्थना गर्दछु ।

यस प्रकारको प्रार्थनाले दुःख र बोझसहित उनीहरूको निम्ति प्रार्थना गर्न सिकाउँदछ । कहिलेकाहीँ हामी उहाँलाई काम गर्न दिनुपर्छ । र, हामीले आफ्नो क्रूस आफै उठाउन सिक्नुपर्छ र उहाँलाई पुकार्नुपर्छ, हामी आफै परमेश्वरको आज्ञामा समर्पित हुन सकेका छैनौं भने अरूलाई कसरी पुऱ्याउन सक्छौं ? साँच्चै नै प्रभावशाली सफलताको निम्ति सत्य र साँचो प्रार्थना हुनुपर्छ ।

येशूले क्षमाको बारेमा बोलिरहनुहुँदा प्रेमको बारेमा पनि बोल्नुभयो । येशूले डाडाको उपदेशमा आफ्नो शिक्षा दिँदै गर्दा प्रार्थनाको पनि प्रतिज्ञा अनुसार उहाँको दया हामीमाथि खन्याउनु भएको छ (मत्ती ५ : ७,९, २२, ३८ - ४८) हामीले यी पदहरूमा देख्न सक्छौं । मायालु जीवन भनेको प्रार्थनामा विश्वास गर्नु हो ।

**हृदयमा डराउनु :** विश्वासिलो प्रार्थनाभन्दा ठूलो हृदयलाई हुने अरू केही हुँदैन । विश्वासको प्रार्थनामा इमानदारिता हुन्छ । आफैले आफैलाई जाँच्न नछोडौं किनकि परमेश्वरले हाम्रो प्रार्थना सुन्न भएन त्यो कारण उहाँलाई मात्र थाहा हुन्छ । यसको कुनै अर्थ छैन । याकूबको पुस्तकले यसरी भन्दछ, "तिमीहरू माग्छौ तर पाउँदैनौ किनकि आफ्ना अभिलाषा पूरा गर्नलाई बेठीकसित माग्दछौ ।" (याकूब ४ :३) त्यो परमेश्वरको वचनले हामीलाई छोओस् । परमेश्वरको इच्छा अनुसार उहाँमा मागौं र हाम्रा सम्पूर्ण प्रार्थना पूरा गरौं । प्रेम मात्र आत्माको औषधी हो, यसले परमेश्वरलाई राज्यमा प्रशस्त काम गर्दछ । परमेश्वर पिताले हाम्रो जीवनको मुख्य माग कसको निम्ति खोलेका छौ हेर्नुहुन्छ । पिताको निम्ति या शैतानको निम्ति त्यसै अनुसार हाम्रो बीचमा काम गर्नुहुन्छ । कुन प्रेमले हामी हाम्रो छिमेकीलाई प्रेम गरेका छौं ? यदि हाम्रो प्रेममा कुनै किसिमको स्वार्थ लुकेको छैन भने र निस्वार्थ प्रेम गरेका छौं भने विश्वासमा आशिष मिलेको हुन्छ । जसले अरूलाई परमेश्वरको प्रेमले प्रेम गर्छ त्यसलाई परमेश्वरले प्रेम गर्नु हुन्छ । जसले आफ्ना छिमेकीलाई खीष्टको प्रेमले प्रेम गर्छ त्यसको प्रार्थना परमेश्वरले सुन्नुहुन्छ । जो हाम्रा निम्ति दुःख भोग्नुभयो, क्रूसमा चढ्नुभयो, काट्न लगिएको भेडाजस्तै बन्नुभयो, उठाइ लगिनुभयो, जसले आज हाम्रा निम्ति मध्यस्थकर्ता बनेर हाम्रो निम्ति अन्तरबिन्ति गरिरहनुभएको छ । दयालु परमेश्वर दयाले भरिपूर्ण हुनुभएको र अचम्मको काम गर्नुहुने हामीलाई सधैं प्रेम गर्नुहुने उहाँ आफ्नो आँखा हामीतिर फकाईहरनु भएको छ र हामीलाई देखिरहनुभएको छ ।

पावलले कलस्समा यसरी भन्दछन्, "यसकारण परमेश्वरका चुनिएकाहरू, पवित्र र प्रिय भएर हामीहरूले करुणा, दया, दीनता, नम्रता र धैर्यधारण गर । एउटाले अर्कोलाई सहने गर । कुनै मानिसको विरुद्धमा केही दोष, कारण छ भने एक अर्का क्षमा गर्ने गर । जसरी प्रभुले तिमीहरूलाई क्षमा गर्नुभएको छ, त्यसरी नै तिमीहरूले पनि क्षमा गर्नुपर्छ । यो सबैभन्दा बढी, बरु प्रेमधारण गर जसले सबै थोकलाई सम्पूर्ण एकतामा एक साथ बाँध्दछ ।"(कलस्सी ३ : १२ - १४)

# विश्वासको ढाल

## The Shield of Faith

**By Charles H. Spurgeon**

Vol 77 No1 (913)

"साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ ।" (एफिसी ६१ : १६) विश्वासलाई यहाँ ढालसँग तुलना गरिएको छ । हामी पर्दा चारवटा देख्न सक्छौँ । विश्वासलाई ढालसँग तुलना गर्नको लागि ।

एउटा सामान्य पुरानो विचार छ, जुन विश्वाससँग सम्बन्धित छ । "विश्वास हाम्रो विरुद्धमा आउने आक्रमणलाई वचाउने ढाल हो ।" पुरानो समयमा विभिन्न प्रकारको ढालको प्रयोग गरिएको गरिन्थ्यो तर यहाँ यस पाठमा एउटा विशेष प्रकारको ढालको प्रयोग गरिएको छ । जसलाई कहिलेकाहीँ ढोका भन्ने अर्थ पनि लगाइन्छ किनकि ढाल भनेको एउटा ठूलो ढोकाजस्तै वस्तु हो । ढोकाले मानिसलाई भित्र पस्नबाट रोक्दछ । तपाईंलाई थाहा हुनसक्छ । यसै सम्बन्धित कुरा भजनसंग्रहको खण्डमा प्रयोग गरिएको छ । "किनकि हे परमप्रभु तपाईंलाई धर्मीहरूलाई आशिष दिनुहुन्छ, ढालले रक्षा गरेझैँ आफ्ना कृपा दृष्टिले तिनीहरूलाई हेरिराख्नुहुन्छ ।" ( भजनसंग्रह ५ : १२) जसरी ढालले सम्पूर्ण मानिसको शरीरलाई ढाकेको हुन्छ, त्यसरी नै विश्वासले पनि सम्पूर्ण मानिसलाई ढाकेको हुन्छ । ढालले जस्तै विश्वासले शत्रुको आक्रमणबाट व्यक्तिलाई बचाउँछ ।

विश्वासले मानिसको पूरै शरीरलाई बचाउँदछ सुरक्षा दिन्छ । मानौँ शैतानले टाउकोको विरुद्धमा आक्रमण गर्‍यो, मानौँ विभिन्न ईश्वरशास्त्रीय विचारहरू र येशू ख्रीष्टको बारेमा विभिन्न कुराहरूले तपाईंलाई आक्रमण गर्‍यो भने तपाईंलाई येशू ख्रीष्टमा भएको पूर्ण विश्वासले मात्र सुरक्षा दिन सक्छ । विश्वासले हामीलाई धेरै कुराहरू सिकाउँदछ र राम्रो अनुभवहरू बनाइदिन्छ । अस्थिर सिद्धान्तले विश्वासलाई कमजोर बनाउन खोज्छ, जुन मानिसको विश्वास येशू ख्रीष्टमा दह्रो छ, त्यसलाई जस्तोसुकै सिद्धान्तहरूलाई पनि येशूको अनुग्रहले सजिलै चुनौती दिन सक्दछ र त्यसमा भएको कौतुहल सजिलै मेटिन सक्छ । जस्तौसुकै गाह्रो सिद्धान्त किन नहोस्, उहाँलाई थाहा छ र के सत्य हो त्यो बुझ्नलाई शक्ति दिनुहुन्छ । हामीमा उहाँप्रति भएको विश्वासको आधारमा उहाँले हामीलाई सुरक्षा दिनुहुन्छ ।

जब विश्वासले टाउकोलाई रक्षा गर्दछ, तब साथसाथै यसले हृदयलाई पनि रक्षा गर्दछ । जब संसारको मोहको परीक्षा आउँदछ । तब भविष्यमा परमेश्वरले दिनुहुने इनामलाई जोगाउने विचार आउँछ र त्यस समयको त्यो भित्रको जस्तै सांसारिक धनको मोहभन्दा पनि ख्रीष्ट सुरक्षित हुन्छ । जब ख्रीष्ट येशूमा भएको विश्वासलाई काट्नको निम्ति शत्रुले हतियार निकाल्दछ तब विश्वासले ढालजस्तै भएर सबै अंगहरूको सुरक्षा गर्न गर्दछ । र, ढाल आफ्नो मालिकको सुरक्षा गर्ने सधैँ तयार हुन्छ । र, रक्षा गर्न अघि बढ्दछ ।

त्यस्तै, मानौँ शत्रुले खुट्टामा आक्रमण गर्ने हिसाबले तीरले आक्रमण गर्‍यो र हाम्रो दैनिक जीवनको मार्गहरूलाई अधर्मीपनतिर लैजान खोज्यो भने ? विश्वासले खुट्टालाई पनि जोगाउँदछ र सही बाटो हिँड्नलाई सुरक्षित बाटो देखाउँदछ । जहाँ शत्रुले आक्रमण गरे पनि त्यसमाथि विजय प्राप्त गर्न सक्दछ ।

त्यस्तै, मानौँ शत्रुले घुँडामा आक्रमण गर्ने विचारले प्रार्थना गर्न कमजोर बनाउने विचार गरी परमेश्वरले तिम्रो पुकार सुन्नु हुँदै हुँदैन र विश्वासको शक्तिले परमेश्वर नजिक हुनुहुन्छ भन्ने कुराको स्पष्ट विश्वास दिन्छ र उहाँको कृपा नजिक छ भन्ने कुराको निश्चय गराउँदछ । त्यस्तै शत्रुले अन्तस्करणमा तीरले हान्ने विचार गरेर हाम्रो पापलाई नै सम्झना दिलाइदियो । भने " ... येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।" (१ यूहन्ना १:७) । त्यसैले मानिसको सबै अंगहरू सुरक्षित गर्न सक्छौँ र शैतानले जुनसुकै पक्षबाट आक्रमण गरे पनि त्यसलाई गर्न दिऊँ र हामी सुरक्षित हुन्छौँ ।

"यदि कसैले परमेश्वरमा आफ्नो शरणस्थान बनायो भने त्यसले एउटा सबैभन्दा सुरक्षित ठाउँ पाएको छ ।" विश्वासले सम्पूर्ण शरीरलाई जोगाउने मात्र होइन तर, यदि तपाईंले एकैछिन सोच्नुभयो भने प्रेरितहरूले यो सिद्धान्तलाई विश्वास गरेको र पछ्याएको कुरा पाउन हामी पाउन सक्छौँ । र अर्को कुरा विश्वासले हतियारलाई पनि सुरक्षा दिन्छ । धेरै कुराहरू भनेपछि उहाँले भन्नुभयो । "सबैभन्दा माथि/पहिला"

परमेश्वरको सिपाहीले पेटी, हेलमेट र छातीपाता लगाउँदछ तर यी सबै अंगहरूलाई सुरक्षा दिने वस्त्रहरू हो भने, विश्वासचाहिँ हतियारको पनि हतियार अथवा हतियारको सुरक्षा गर्ने कुरा हो। किनकि विश्वास मात्र सबै कुरालाई सुरक्षा दिन्छ। विश्वासले मानिसलाई सुरक्षा मात्र होइन तर विश्वासले अनुग्रहलाई पनि सुरक्षा दिन्छ। हामीमा विभिन्न नैतिक गुणहरू आफैभित्र हुन्छ। तर यसलाई सुरक्षा गर्नु जरुरी हुन्छ र सुरक्षा दिने काम चाहिँ विश्वासले गर्दछ। यो चाहिँ टाउको मात्र होइन तर टाउकोलाई सुरक्षा दिने हेलमेटजस्तै हो। त्यस्तै यो खुट्टा मात्र होइन तर खुट्टालाई सुरक्षा दिने जुत्ता हो त्यस्तै यो मात्र होइन तर सम्पूर्णलाई सुरक्षा दिने पेटी हो। र, यी सबै कुरा चाहिँ विश्वास नै हो।

दोस्रो स्थानमा, म तपाईंलाई सुझाव दिन चाहन्छु कि, विश्वास ढालजस्तै हो जसले विभिन्न झड्काहरूलाई छेक्ने गर्दछ। जो चाहिँ स्वस्थ मानिस आफै हो। केही खीष्टियनहरू झड्का देखेर भाग्ने गर्दछन्। यदि कोहीसँग विश्वास छ भने सबै कुरा शान्त हुनेछ, सबै कुराको शक्ति र भय हुन्छ। म महसुस गर्न सक्छ कि भर्खरको खीष्टियनहरूको कस्तो विचार हुन्छ भनि, उनीहरू छिटो भन्दा छिटो जीवनमा आएको झड्काबाट बाहिर निस्केर आफ्नो उद्धारक को हो जान्न चाहन्छन्। ओ हो ! उनीहरू त छिटै स्वर्गको सवारी गर्न पाप हुन्थ्यो। जस्तो कुरो गर्छन्। अचम्मलाग्दो कुरो होइन र !! यदि लडाईंमा नजाने भए किन हतियारहरू भिड्छन्। यो त एउटा सैनिक राम्रो खाने कुरा खाएर मात्र बस्ने तर लडाईंमा नजाने जस्तो कुरा भएन र ! यदि त्यसो हो भने किन सैनिकलाई राम्रो-राम्रो खानेकुरा खुवाउनु आवश्यक पर्‍यो त ! यस्तो कमजोर ढालचाहिँ पेन्टहाउस जस्तो हो हावाहरू आउँदा भत्किहाल्छ। किनकि यो कमजोर प्रकृतिको हुन्छ। तर ढाल भनेको झट्का माथि झड्क्का आउँदा पनि त्यसलाई थामेर बस्ने स्थिर र विश्वासले हुनुपर्दछ। हाम्रो विश्वासको ढालचाहिँ झड्कालाई सामना गर्न सक्ने किसिमको हुनुपर्छ।

तेस्रो चाहिँ, विश्वास ढालजस्तै हो, किनकि यो चाहिँ बलियो हुनुपर्दछ। यदि ढालचाहिँ गधा जस्तो कमजोर भयो भने त फेरि लडाईंमा तरबार लाग्दा शरीरलाई सुरक्षा दिन नसकी तरबारले मुटुमा लाग्न सक्छ र खतरा हुन सक्छ। त्यसैले ढालको प्रयोग गर्दा प्रयोग गर्ने व्यक्तिले विशेष ढालको प्रयोग गर्ने कुरामा ध्यान दिनुपर्दछ। किनकि हाम्रो विश्वासको ढाल सुरक्षित र दरिलो हुनुपर्दछ। फेरि यस्तो प्रश्न पनि आउन सक्छ। त्यस्तो भए हामी कसरी हाम्रो विश्वास सही र दरिलो छ भनेर थाहा पाउने त ? यहाँ हामी एउटा जाँच गर्न सक्छौं। एउटा सुरक्षित ढाल बनाउनको लागि ३, ४ ओटा वस्तुको टुक्राहरूको आवश्यक पर्दछ। र, ती विभिन्न टुक्रामा भए पनि एउटै सिङ्गो ढाल भएर काम गरिरहेको हुन्छ। त्यसरी नै तपाईंको विश्वासलाई पनि एउटै बनाउनुहोस्, तब मात्र खीष्टको कार्य पूरा गर्न सकिन्छ। तपाईं आफूमा मात्र भरोसा नगर्नुहोस्, न त कुनै एउटै मात्र मानिसमा तर तपाईंको सबै विश्वास र भरोसा परमेश्वरमा राख्नुहोस्, तबमात्र तपाईंको विश्वास एउटै हुन पुग्छ तब मात्र तपाईंको विश्वासले स्वर्गीय तिव्रताको गति लिन्छ। तर यदि अरू कुनै व्यक्ति र वस्तुमाथि भरोसा गर्‍यो भने तपाईंको ढाल असफल हुन पुग्छ जुन कमजोर हुन्छ। तरबारले आफ्नो क्रियाकलाप पवित्र आत्मामा रहेर गर्नुपर्ने हुन्छ। र, पवित्र आत्माचाहिँ मानिसमा रहेर काम गर्नु हुन्छ। यदि तपाईंले पवित्र आत्मालाई निरन्तर काम गर्न ठाउँ दिँदै जानुभयो भने तपाईंले आफ्नो विश्वासको ढाल सत्यमा अघि बढेको देख्नुहुनेछ। फेरि यदि कुनै भुल वा गलत धारणा आयो भने त्यसको लागि चाहिँ हतियारको प्रयोग गर्नु पर्दछ। तपाईं परमेश्वरको वचनमा विश्स्वत हुनुपर्दछ। र, यो कुरा चाहिँ तपाइको साँचो र सत्य कुरा अर्थात् प्रतिज्ञासँग सम्बन्धित कुरा हो। तपाईंको विश्वासचाहिँ वचनमा आधारित विश्वास हुनुपर्दछ। र, तपाईंको विश्वासको गवाही पनि वचनमा नै आधारित हुनुपर्दछ। कुनै काल्पनिक कुरामा हुनुहुँदैन। र तपाईंको विश्वास खीष्ट केन्द्रित अथवा खीष्टिय व्यक्तित्वमा हुनुपर्दछ। खीष्टमा भएको विश्वासबाहेक अरू शक्ति, व्यक्तित्वमा हुनुहुँदैन, किनकि "सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्" (रोमी ९ : ५) र उहाँको योजनाअनुसार जब परमेश्वरको थुमा समस्त मानिसको लागि निस्तार चाडको थुमा हुनुभयो र आफूलाई हामी सबैको निम्ति बलि हुनुभयो त्यसैले आत्मिक युद्धमा लडाँइ गर्नको निम्ति जीवनमा यो भन्दा ठूलो अरू कुनै अथाह र अनगिन्ति ढाल/ विश्वास अरू कुनै विश्वास नै हैन। त्यसैले आत्मिक युद्ध जित्नको लागि तपाईंको विश्वास/ ढाल हेर्नुहोस्।

चौथो चाहिँ, विश्वास ढालजस्तै हो, किनकि यसलाई सही तरिकाले प्रयोग गरिएन भने यसको हुँदैन अथवा यसको काम हुँदैन। त्यसैले ढाललाई सही तरिकाले प्रयोग गर्न आवश्यक छ र विश्वासलाई पनि। एउटा सिपाहीले लडाईंको बेलामा ढालचाहिँ घरमै छोडेर

लडाईं गर्न गऱ्यो भने त्यो मूर्ख सिपाही हुन्छ । त्यस्तै धेरै व्यक्तिहरू वेबकुफ प्रकारका कुरा गर्दछन् र हाम्रो वरपर पनि त्यस्तो मानिसहरू हुनसक्छन् । जो सँग विश्वास छ तर चाहिएको बेला देखाउन सक्दैनन् । तिनिहरूसँग शत्रु नभएको बेलामा मात्र विश्वास देखाउँदछन् । जब सबै कुरा राम्रो हुन्छ तब मात्र विश्वास देखाउँछन् तर जब गाह्रो, अप्ठ्यारो आउँछ तब तिनीहरूको विश्वास कमजोर भएर जान्छ ।

यहाँ एउटा पवित्र कला छ जसले विश्वासको ढाललाई प्रयोग गर्न सक्षम बनाउँछ । म तपाईंहरूलाई यो कला बताउँछु । कसरी ढाल समात्न सक्षम हुन सकिन्छ भनेर तपाईंले यसलाई राम्रोसँग प्रयोग गर्न सक्नुहुन्छ । यदि तपाईंले परमेश्वरले गर्नु भएको प्रतिज्ञालाई शत्रुको आक्रमणबाट त्यस प्रतिज्ञालाई जोगाउनुभयो भने शैतानले भन्न सक्छ । "एक दिन त गरिबी र भोकले सताइनेछस्" "होइन" विश्वासलाई भन्नुहोस् आफ्नो विश्वासको ढाल दरिलोसँग पक्रिराख्नुहोस् भनेर । किनकि उहाँले भन्नुभएको छ "म तिमीहरूलाई कुनै रीतिले छोड्नेछैन, म तिमीहरूलाई त्याग्नेछैन" (हिब्रू १३ : ५), "त्यसको भोजन त्यसलाई दिइनेछ र त्यसलाई पानीले धोका दिनेछैन" (यशैया ३३ : १६)

फेरि शैतानले भन्न सक्छ "तर तँलाई निन्दाको शत्रुले पराजित गर्नेछ" तब विश्वाससाथ भन्नुहोस् होइन ( भजनसंग्रह ७६ : १०) भन्दछ "निश्चय मानिसप्रति तपाईंको क्रोधले प्रशंसा ल्याउनेछ, अनि जो तपाईंको क्रोधबाट बाँचेका छन्, तिनीहरू रोकिएको छन् ।

फेरि शैतानले भन्ला, तीर हान्दै भन्न सक्छ "तँ कमजोर छस्" तब विश्वासको ढालको प्रयोग गर्दै भन्नु होस् "... मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्धता छन् ।" ...(कोरिन्थी १२ : ९)

फेरि भन्न सक्छ साँच्चै हो र फेरि शैतानले भन्ला "तर तेरो पापचाहिँ ठूलो हो । तब विश्वाससाथ भन्नुहोस् । हो, तर "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । (हिब्रू ७ : २५)

तर, शैतानले आफ्नो हतियार निकाल्दै भन्ला "परमेश्वरले तँलाइ हकार्नु हुन्छ" फेरि विश्वास साथ भन्नुहोस् होइन, "किनकि परमप्रभुले आफ्नो प्रजालाई फ्याँक्नुहुन्न, उहाँले आफ्नो निम्न उत्तर अधिकारको मानिसहरूलाई त्याग्नुहुने छैन । (भजनसंग्रह ९४ : १४)

र, अन्त्यमा शैतानले भन्ला होइन, मलाई त चाहिन्छ । तब विश्वाससाथ भन्नुहोस्... "तिनीहरूलाई म अनन्त जीवन दिन्छु र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन् र कसैले तिनीहरूलाई मेरो हातबाट बोसो लैजाने छैन । (यूहन्ना १० : २८)

यसैलाई म विश्वासको ढाललाई पक्रने तरिकाहरू भन्छु ।

**अर्तीहरूलाई प्रयोग गर्नुहोस्**

सबैभन्दा पहिला विश्वासको ढाललाई लिनुहोस्" यदि तपाईंले एउटा नोकरलाई कुनै वस्तु ल्याउनको लागि अह्राउनुभयो र उसलाई भन्नुभयो "यो वस्तु ल्याऊ, त्यो वस्तु ल्याऊ अनि उस्तो वस्तु, यस्तो वस्तु ल्याऊ तर सबैभन्दा पहिला फलानो वस्तु ल्याऊ यदि तपाईंले यस्तो किसिमले काम लगाउनु भयो भने तरबारको नोकर कुन काम गर्ने कुन काम नगर्ने अलमल्ल पर्न सक्छ । र, उसले त्यो भन्दा अरू कुनै सजिलो काम खोज्दै हिँड्न थाल्छ । त्यसैले तपाईंको नोकरलाई आफूसँग राख्नको लागि सजिलो कुराहरू भन्नुहोस् र सबैभन्दा पहिला कुन कुरा चाहिँ महत्वपूर्ण र त्यसलाई हेर्नुहोस् जसले आफ्नो सबै नैतिकतालाई आक्रमण हुनबाट बचाउँछ ।

साँचो विश्वासलाई आवश्यक पर्ने खण्ड यहाँ बताइएको छ । सयौं विश्वासमा शक्ति हुन्छ यहाँ सामना गर्ने शक्ति बताइएको छ । पुरानो समयमा तीरको टुप्पामा विष राखी बाण चलाउने गरिन्थ्यो जसको टुप्पामा आगो बाली युद्धमा प्रयोग गरिन्थ्यो र त्यस्तो हतियारलाई अग्निबाण भनिन्थ्यो । जस त्यो तीरले शरीरको अंगमा हुन्थ्यो शरीरमा विष फैलिन्थ्यो र मानिसको ज्यानसम्मै जाने गर्थ्यो । त्यस्तै एउटै तीर सिङ्गो सहरलाई नष्ट पारिदिन्थ्यो । त्यसरी नै परीक्षा निन्दा र अन्य कुराहरू पनि तीरजस्तै हो र यस्ता कुरामाथि विजय प्राप्त गर्न शक्तिदिने विश्वास मात्र एउटा ढाल हो । विश्वासले मात्र विभिन्न परीक्षा तथा निष्ठाको तीरहरूलाई रोक्ने शक्ति प्रदान गर्दछ ।

विश्वासद्वारा नै सबै किसिमको तीरहरूलाई सामना गर्न सकिन्छ । विश्वासद्वारा नै सबै किसिमको हमलाबाट जोगिन सकिन्छ । विश्वास सबै कुराको निम्ति राम्रो छ । दान दिन, दयालु हुन, साहसी बन्नलाई तपाईंलाई थाहा छ । पुरानो ग्रिक लडाईंमा शत्रुको नजिक गएर ढाल हटाई शरीरमा भालाले आक्रमण गर्ने एउटा युद्ध रणनीति थियो । त्यस्तै शैतानले पनि गर्छ । तपाईंको विश्वासको ढालको नजिक आएर ढकढक गरी भित्र आक्रमण गर्न खोज्छ । तसर्थ आफ्नो ढालको सुरक्षा गर्नुहोस् । तपाईं परमेश्वरसँग प्रार्थना गर्नुहोस् जबसम्म "मलाई सामर्थ्य दिनु हुने खीष्ट

येशू हाम्रा प्रभुलाई म धन्यवाद दिन्छु, किनभने आफ्नो सेवामा निष्कपट गरेर उहाँले मलाई विश्वासयोग्य ठान्नुभयो । (१ तिमोथी १ : १२)

त्यसरी नै हामी पनि सामर्थ्य दिनुहुनेमा विश्वास राख्नु पर्छ ।

ओहो पुरानो सन्तहरूको समयमा उनीहरूले कहिल्यै शंका गरेनन् । सलोमनले भनेका छन् "म उहाँको र उहाँचाहिँ मेरो हुनुहुन्छ ।" दाऊदले गर्ने "परमप्रभु मेरो उद्धारक हुनुहुन्छ ।" परमप्रभु मेरो गोठालो हुनुहुन्छ ।" पावलले धेरै ठाउँमा भनेका छन् म आशा गर्छु र विश्वास गर्छु ।

हामी पनि सन्तहरूले भनेजस्तै भन्न सक्छौं र उनीहरूको विश्वासको ढालजस्तो राम्रो पनि दरिलो बनाउन सक्छौं ।

**येशूलाई हेर्नु**

"... हाम्रो सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौ । हाम्रो विश्वास सुरु गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं ...।" हो, हामी येशूलाई हेरेर दौडौं । हाम्रो पाप र हामी आफू कस्तो छौ भनेर हेरेर होइन तर उहाँलाई हेरेर, जसले हाम्रो पाप र अधर्मलाई सदाको निम्ति पर लगिदिनुभयो न त हाम्रो अवस्था न त हाम्रो विश्वास जहाँ हाम्रो कमजोरी र बल नहेरी तर उहाँमा उहाँको उपस्थितिमा र हाम्रो जीवनमा उहाँमा गरेको विश्वास हो । संसारको परीक्षामा होइन तर उहाँमा र उहाँले भन्नु भएको वचनमा " ... साहस गर, मैले संसारलाई जितेको छु ।" (यूहन्ना १६ : ३३)

शैतान र उसको त्रासमा होइन तर प्रभुमा जसले शैतानलाई उहाँको अधिनमा ल्याउनुहुन्छ । न त मानिसको डरमा न त मानिसको पक्षमा तर येशूमा रहेर जो असल हुनुहुन्छ । इमानुएल हाम्रो परमेश्वर "परमेश्वर हामीहरूसँग", हुनुहुन्छ । हाम्रो दाजुभाइसँग र हाम्रो राजासँग येशूलाई केवल उहाँलाई मात्र हेरौं ।

सधैं र सबै कुरामा येशूलाई हेरौं । सङ्कटमा र समस्याको समयमा, खुसीमा, समृद्धिको समयमा, घटीमा, अभावमा, काम गर्ने स्थानमा व्यापारमा, आरधनामा हाम्रो दैनिक जीवनमा सदैव येशूलाई हेरौं । उहाँलाई हेर के उहाँले सुन्नुहुन्छ र हामीसँग के बोल्नुहुन्छ र हामीलाई के गर्नुको लागि भन्नुहुन्छ । उहाँलाई पछ्याऊँ जहाँ उहाँले अगुवाइ गर्नुहुन्छ । पूर्ण रूपमा उहाँलाई विश्वास गर, उहाँ जीवित हुनुहुन्छ उहाँ परिवर्तन हुनुहुन्न । उहाँलाई हेर, उहाँलाई प्रेमले हेर, जबसम्म मेरो हृदय जलाउँदैन त्यो प्रेमले । उहाँलाई हेर जबसम्म उहाँको आँखाले तपाईंतिर हेरिरहेका हुन्छन् । र, हामीले भन्न सक्नुपर्छ उहाँको आँखाले मलाई हेरिरहेका छन् । येशूलाई हेर, उहाँको प्रेमको शक्तिलाई र आत्मालाई हेर, मलाई थाहा छ जसले मलाई बताउनुभयो र मलाई अगुवाइ गर्नु भयो र विश्वासमा सिद्ध बनाउनुभयो । येशूलाई हेर परिवर्तन हुनु छ भने उहाँजस्तै हुन र महिमा दिन एउटा मोहमा बाट अर्को महिमामा जान । आऊ हाम्रो दौड दौड र पूरा धैर्य साथ येशूलाई हेरौं ।"

From The Holies of all by Andrew Murray

## मुक्तिका पाइला

*'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । 'दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् । 'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ । ... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । ' (प्रेरित २ : ३८ - ४१)*

HHC, Vol 67 No. 9 (801)

**BOOKPOST**

# पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com